स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

मिति: २०७७।०४।०४

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

## प्रेसविज्ञप्ती

विगत केही दिनयता विशेष गरी स्थानीय तहमा कार्यरत ईन्जिनियरहरु स्वयं जनप्रतितिधीहरुबाट नै प्रताडित हुने गरेको गतिविधिहरु बढेका छन् । नैतिक विचलन र राजनीतिक शक्तिको पहुँचमा आफ्नो पदीय मर्यादालाई विर्सेर कुनै पनि जनप्रतिनिधीले काम गर्न थाल्यो भने त्यो क्षम्य हुन सक्दैन् । यस्तै प्रसंगका घटना हालै मात्र गत साउन २ गते नेपालका विभिन्न ३ स्थानमा घटिसकेका छन् । सन्दर्भ हो सुदूरपश्चिम प्रदेश कञ्चनपुर जिल्ला बेलौरी न.पा. क्षेत्रभित्र जनताको विकास निर्माण कार्यको दौरान तहाँ कार्यरत ईन्जिनियर ईश्वर बराललाई तोकिए बमोजिमको मापदण्ड, ईन्जिनियरिङ्ग मान्यता तथा आफ्नो व्यवसायिक आचरण र नैतिकता विपरित हुने गरी कार्य सम्पादन गर्न त्यस न.पा. का जनप्रतिनिधी तथा उपभोक्ता समितिले दिएको निर्मम दवाव तथा मानसिक यातनाका कारण निज ईन्जिनियरले आफ्नो पेशागत आचरण र मर्यादलाई जोगाउन जागीरबाट राजीनामा नै दिनु पर्‍यो ।

त्यसै गरी फिक्कल गाउँपालिका, खाडसाङ सिन्धुलीमा कार्यरत ईन्जिनियर विष्णु प्रसाद कँडेललाई कामकाज गर्न अयोग्य रहेको ठहर गर्दै उक्त गाउँपालिकाका अध्यक्षले ई. विष्णु प्रसाद कँडेललाई कार्यालयमा हाजिर गर्न नदिई संबन्धित मंत्रालय फिर्ता गरेको भन्ने समाचार प्रकाशित भयो । कर्मचारीले गल्तीगरेको खण्डमा कारवाही गर्ने विधि र कानूनी प्रक्रिया हुँदाहुँदै यसरी अनधिकृतरुपमा विवेकहिन हर्कत देखाई व्यक्तिगत लहड र हचुवाको भरमा अरुको मानमर्दन गर्ने, अपमानित गर्ने छुट कसैलाई हुँदैन भन्ने यस एशोसिएसनको स्पष्ट मान्यता रहेको छ । अर्को घटना प्रदेश नं. १ मोरङ जिल्ला धनपालथान गाउँपालिकामा आफ्नो नियमित कार्यसम्पादनका दौरान त्यहाँ कार्यरत ईन्जिनियर राजेश कुमार गिरी लागयतको प्राविधिक टोली उपर रामा विल्डर्सका कर्मचारीहरुले ईन्जिनियरको टोलीमाथी दुर्व्यवहार र कुटपिट गरेको भन्ने समग्र ३ वटै घटनाका समाचार उपर यस एशोसिएसनको गंभीर ध्यानाकर्षण भएको छ ।

उपरोक्त घटना हालै घटेका प्रतिनिधी घटना मात्र हुन् ईन्जिनियरमाथी भएका अन्याय मानमर्दन र दुर्व्यवहारका घटनाहरु बारम्बार दोहोरिने गरीरहेका छन् स्थानीय प्रशासन र राज्य संयन्त्रको कमी कमजोरीका कारण ईन्जिनियरहरु कहिले जनप्रतिनिधी, कहिले निर्माण व्यवसायी, कहिले उपभोक्ता समिति त कहिले कुनै राजनतिक दल विशेषबाट प्रताडित र अपमानित भइरहेका छन यो अत्यन्त दुर्भाग्यपूर्ण विषय हो । मुलुक बनाउन, देशको विकास गर्न अग्रणी मोर्चामा खटिने प्राविधिकहरु प्रतिको यस्ता किसिमका गैरकानूनी तथा अमानवीय व्यवहार सहन योग्य छैनन् । स्थानीय तहमा भएका उपरोक्त निन्दनीय र अमानवीय व्यवहारका घटनाक्रमले ईन्जिनियरहरुको मनोवल गिराउने र निरुत्साहित गर्ने कार्य भएका छन् जुन भर्त्सनायोग्य छन् ।

देशका विभिन्न स्थानमा ईन्जिनियर माथि भएको उपरोक्त अमानवीय घटनाले मानव समुदाय, नेपाली समाज र राष्ट्रलाई लज्जावोध गराएको छ । प्रदेश मातहत स्थानीय तहमा स्तरमा भएका उपरोक्त घटनाहरुको बारेमा तत्काल छानवीन गरी दोषीमाथी कानून बमोजिमको कारवाही गर्न संबन्धित स्थानीय प्रशासन, प्रदेश सरकार तथा नेपाल सरकार समक्ष नेपाल ईन्जिनियर्स एशोसिएसन जोडदार माग गर्दछ । प्राविधिकहरुको संयमतालाई कमजोरी नठान्न स्पष्ट पार्दै आगामी दिनमा ईन्जिनियरमाथि हुने गरेका यस किसिमका दुव्यर्वहारका घटनाहरु दोहोरिन नदिने प्रतिवद्दता दिलाउन नेपाल सरकार समक्ष अनुरोध गर्दछौ । साथै यस्ता निन्दनीय एवं अमर्यादिन व्यवहार तथा कार्यशैली विरुद्ध लड्न एवं आफ्नो पेशागत मर्यादा र व्यवसायीक आचरणलाई अक्षुण राख्दै निडर एवं दृढताका साथ देश विकासमा लाग्न सम्पूर्ण पेशाकर्मी ईन्जिनियरहरुलाई यस एशोसिएसन हार्दिक अपिल गर्दछ ।

ई. छवि राज पोखल
महासचिव

ई. प्रा.डा. त्रिरत्न बज्राचार्य
अध्यक्ष